# आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम

सुन्दरबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सुन्दरबजार,लमजुङ

# सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम

आदरणीय नगर प्रमुख ज्यू

नगर सभाका सदस्यहरु

१. यस सम्मानित नगर सभा समक्ष सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु । यतिबेला विश्व मानव समुदाय कोरोना भाइरसको नयाँ नयाँ भेरियण्टबाट सिर्जित लहरहरुबाट प्रताडित छ । करोडौं मानिसहरु संक्रमित भएका छन् । लाखौं मानिसहरुले अकालमै ज्यान गुमाएका छन् अनि लाखौं मानिसहरु पोस्ट कोभिड समस्याहरुबाट पीडित छन् । हजारौं बालबालिकाहरु अभिभावक बिहीन अनाथ बनेका छन् । यो अकल्पनीय विषम परिस्थितिमा देश तथा विदेशमा कोभिड १९ कारण ज्यान गुमाएका सबै प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु साथै उनीहरुका परिवारजन तथा आफन्तहरुमा गहिरो सहानुभूति तथा समवेदना प्रकट गर्दछु । त्यसै गरी संक्रमणमा परेका सबै विरामीहरु प्रति शीघ्र एवम् पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु ।

यस अवसरमा मैले विश्वव्यापी महामारीका रुपमा फैलिरहेको नयाँ नयाँ भेरिएण्ट सहितको कोरोनाको कहरका बीच सम्पूर्ण नगरबासीहरुलाई कोरोनाबाट सुरक्षित गर्दै निरोगी सुन्दरबजार बनाउनुपर्ने गम्भीर दायित्वबोध गरेको छु ।

आज हामी जहाँ छौं त्यो व्यवस्था यत्तिकै आएको होइन । यो व्यवस्था ल्याउन हजारौं अग्रजहरुको रगत पसिना एवम् त्याग तपस्या र बलिदानले सम्भव भएको हो । यस अवसरमा म संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको महाअभियानमा सञ्चालित दशकौं देखिका सबै आन्दोलन र क्रान्तिका शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्न चाहन्छु । घाइतेहरु प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै बेपत्ता भएका नागरिकहरु लगायत सबै द्वन्द्व पीडितहरु प्रति भावपूर्ण सम्मान व्यक्त गर्दछु ।



राज मिश्र

२. पहिलो लहर भन्दा कोरोना संक्रमणको दोस्रो लहरबाट सुन्दरबजार नगरपालिका धेरै पीडित बनेको छ । समुदाय स्तरमा फैलिएको छ । पर्याप्त सावधानी अपनाउनुपर्ने अवस्था विद्यमान छ । नगरपालिकाको आर्थिक गतिविधिहरुलाई चलायमान बनाउँदै अर्थतन्त्र लगायत मानव समाजमा परेको कोरोनाको असर कम गर्ने रणनीतिमा विश्व समुदाय प्रति ऐक्यबद्धता जनाउँदछु ।

३. कोरोनाको प्रभावका कारण विश्व अर्थतन्त्र र आर्थिक वृद्धिदर खुम्चिएको छ । र यसको प्रभाव सुन्दरबजार नगरपालिकामा पनि केही न केही परेको छ । तैपनि चालु आर्थिक वर्षमा सुन्दरबजार नगरपालिकालाई राजस्व बाँडफाँडबाट प्राप्त हुने रकममा खासै कमी भएन । जसका कारण यस आर्थिक वर्षबाट आगामी आर्थिक वर्षमा सर्ने दायित्व सन्तुलित हुन जाँदा आगामी आर्थिक वर्षमा त्यति ठूलो असर पर्ने देखिंदैन । साथै आगामी आर्थिक वर्षमा राजस्व संकलनमा कटौती भई आन्तरिक आय तथा राजस्व बाँडफाँडबाट हुने आय घट्ने सम्भावना पनि खासै देखिएको छैन । यो आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माणका सकारात्मक पक्ष हुन् ।

अर्को तर्फ कोभिड १९ कै कारण पेशा, व्यवसाय तथा रोजगारी गुमाई स्वदेश तथा विदेशबाट नगरपालिकामा फर्किने सीपयुक्त दक्ष, अर्धदक्ष र अदक्ष युवाहरु तथा अन्य नागरिकहरुको संख्या बढेको छ । फलत: नगरपालिकाका बस्ती तथा गाउँहरुमा विशेष गरी कृषि उत्पादनका क्रियाकलापहरुमा बढोत्तरी भएको छ । यो नगरपालिकाको आर्थिक क्रियाकलापलाई चलायमान बनाउने अर्को सकारात्मक पक्ष हो ।

४. कोरोनाले कुनै भूगोल, समुदाय चिन्दैन । सबैलाई उत्तिकै जोखिम छ । यो हाम्रो साझा समस्या हो । यसबाट मुक्त हुन हामी सबैको साझा प्रयत्न चाहिन्छ । फुटेर होइन जुटेर मात्रै समस्याको असर न्यूनीकरण गर्न सकिन्छ । यस असामान्य परिस्थितिमा कोरोनाका कारण परेको स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्ने, कोरोना

प्रभावितहरुको दैनिक गुजारामा राहत पुर्‍याउने र अबरुद्ध उत्पादन तथा आर्थिक गतिविधिको पुनरुत्थान गर्ने विषयलाई केन्द्रित गर्ने नीतिलाई निरन्तरता दिंदै आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तय गरेको छु ।

५. कस्तै विषम परिस्थितिमा पनि बालबालिकाको सिकाइलाई अबरुद्ध गर्नु हुँदैन । कुनै कारणले बालबालिकाको सिकाइ अबरुद्ध भयो भने त्यो पुस्ता त पछि पर्छ नै अझ त्यो पुस्ताले प्रभाव पार्ने आगामी पुस्ता समेत पछि पर्न जान्छ ।

मूलत बालबालिकाकाले जुनसुकै समयमा केही न केही नयाँ कुरा आफ्नै प्रयत्नमा पनि सिकिरहेको हुन्छ । उसको सिकाइलाई सही मार्ग निर्देश गर्न सक्दा समाजको चाहना र पाठ्यक्रमले निर्दिष्ट गरेका अपेक्षित सक्षमता अनुकूल सिकाइ हुन्छ अनि दिशा निर्देश नभएमा ध्वंसात्मक र अवाञ्छित सिकाइ हुन पनि सक्छ ।

यस्तै तथ्यलाई हृदयंगम गरी शिक्षा क्षेत्रलाई निरन्तर क्रियाशील बनाउने उद्देश्यका साथ यो बजेट तथा कार्यक्रम निर्माण गरेको छु ।

६. नगरपालिकामा उपलब्ध हुने साधन स्रोतमा उल्लेख्य बढोत्तरी नहुने तर नगरपालिकाले व्यवस्थापन गर्नुपर्ने नागरिकहरुको संख्या र सेवाको परिमाण थपिने यस्तो असन्तुलित परिस्थितिका बीच आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम पेश गरिरहँदा म झनै गम्भीर बनेको छु । यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मानिस र प्रकृति बीचको निरन्तर संघर्षमा हामी उठ्न सक्छौं र हामी उठ्ने छौं भन्ने दृढ आत्मविश्वास लिएको छु । यही दृढताका साथ नीति तथा कार्यक्रम निर्माण तथा छलफलका क्रममा नगर सभा सदस्यहरुले दिनु भएका महत्त्वपूर्ण सुझाव तथा नागरिक समाजका व्यक्तिहरुबाट प्राप्त सुझाव समेत समेटी बजेट तथा कार्यक्रमहरु तय गरेको छु ।

७. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गरिरहँदा मैले मुलुकले अन्तरराष्ट्रिय समुदायमा जनाएका प्रतिबद्धताहरु, सहस्राब्दि विकास लक्ष्यहरु, संघ सरकार तथा प्रदेश सरकारका आवधिक लक्ष्यहरु, यसै सभाले आगामी आर्थिक

वर्षका लागि पारित गरेको नीति तथा कार्यक्रम, नागरिक समाज तथा नगरबासीहरुले विभिन्न माध्यमबाट दिएका सुझावहरुलाई मार्गदर्शनका रुपमा लिएको छु ।

८. अब म चालु आ.व.को संशोधित आय तथा व्ययको विवरण पेश गर्दछु । कुल आय संशोधन गरी ६३ करोड ९१ हजार ८ सय सत्तरी कायम गरिएको छ । चालु खर्च तर्फ ३८ करोड १३ लाख ९८ हजार ६२१ रुपैयाँ अनुमान गरिएको छ । पूँजीगत तर्फ १६ करोड ८६ लाख ४ हजार ६ सय ७० रुपैयाँ को संशोधित अनुमान गरिएको छ ।

आदरणीय नगर प्रमुख ज्यू

९. नगरपालिकाले यस आर्थिक वर्षमा केही महत्वपूर्ण कार्य सम्पादन गरेको छ ।

१०. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ रोकथाम, नियन्त्रण, निदान र उपचारका क्षेत्रमा नगरपालिकाले महत्वपूर्ण स्रोत साधन तथा संयन्त्र परिचालन गरी स्थानीय तहको औचित्य सावित गरेको छ ।

११. नगरपालिकाको प्रशासकीय भवन निर्माणको काम सम्पन्न भएको छ । नगरपालिका क्षेत्र भित्र भौतिक पूर्वाधार विकासका कामहरु द्रुत गतिमा अगाडि बढेका छन् ।

१२. खानेपानी, सिंचाई, विद्यालय भवन निर्माण, सडक स्तरोन्नतिका धैरै आयोजनाहरु सम्पन्न भएका छन् ।

१३. प्राथमिक स्वास्थ्य केन्द्रबाट आधारभूत अस्पतालमा स्तरोन्नति भएको चन्द्रेश्वर आधारभूत अस्पतालको भवन निर्माणका लागि डिपीआर कार्य पूरा भई यसै आर्थिक वर्षमा टेण्डरमा जाने अवस्थामा पुगेको छ ।

१४. वडा नं ७ को वडा कार्यालय भवन निर्माण कार्य शुरु भइसकेको छ भने वडा नं ९ र वडा नं ११ को भवनको डिपीआर गर्ने काम सम्पन्न भई आगामी आर्थिक वर्षको शुरुवातमै टेण्डरमा जाने अवस्थामा पुगेको छ ।

...नक राज मिश्रा
...गर प्रमुख

१५. कोभिड १९ प्रतिकार्यका लागि कन्ट्र्याक्ट ट्रेसिङ, पिसिआर परीक्षण, एन्टीजिन परीक्षण, आइसोलेशन व्यवस्थापन जस्ता कार्य प्रभावकारी ढंगले सञ्चालन गरिएका छन् ।

१६. स्वास्थ्य तथा शिक्षा क्षेत्रमा सेवा प्रवाहलाई प्रभावकारी बनाइएको छ । विद्यार्थी संख्या, जनसंख्या र भूगोलका आधारमा आवश्यकता अनुसार विद्यालय गाभ्ने कार्यबाट विद्यार्थीको समुचित व्यवस्थापन, शैक्षिक गुणस्तर वृद्धिमा सकारात्मक प्रभाव पर्नुका साथै अनावश्यक आर्थिक बोझ तथा भार घटेको छ ।

आदरणीय नगर प्रमुख ज्यू

१७. अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

क) कोरोना लगायत सबै प्रकारका संक्रामक रोग तथा विपदबाट जनताको जिउधनको रक्षा गर्दै जनजीविका सहज र सुरक्षित गर्ने

ख) सम्भव भएसम्मका वैकल्पिक उपायहरु अवलम्बन गरी कोरोनालाई छल्दै विद्यार्थी सिकाइ कार्यलाई निरन्तरता दिने

ग) कृषि उत्पादन र रोजगारलाई मध्यनजरमा राखी उपलब्ध स्रोत साधनको अधिकतम उपभोग गर्दै आर्थिक पुनरुत्थान गरी विकासको गतिलाई तीब्रता दिने

घ) उत्पादन र रोजगारमा युवा परिचालन गर्दै सुरक्षित ढंगले सामाजिक पुनसञ्चालन गर्ने

ङ) जनताको खाद्य सुरक्षाको संवैधानिक अधिकारको प्रत्याभूति गर्न सहकारी तथा निजी क्षेत्रसँग समन्वय गरी खाद्य आपूर्ति श्रृङ्खला व्यवस्थित गर्ने

१८. बजेटका उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्न देहाय बमोजिम क्षेत्रगत प्राथमिकता र कार्यक्रम मिलाएको छु ।

क) सामुदायिक स्वास्थ्य सेवा मार्फत जनतामा स्वास्थ्य सचेतना वृद्धि, कोरोना लगायत अन्य संक्रामक रोगबाट बच्न सचेतना अभिवृद्धि तथा प्रभावित व्यक्ति तथा समुदायलाई राहत व्यवस्थापन

ख) हत्तपत्त रोग नलाग्न र लागिहाले पनि रोगसँग लड्न शारीरिक प्रतिरक्षा प्रणाली सुदृढ गर्न स्वस्थकर खानपान तथा दैनिक व्यबहार परिवर्तन गर्न जनतामा उत्प्रेरणात्मक वाताबरण सिर्जना

ग) आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने गरी आवश्यक स्रोत साधन, जनशक्ति र उपकरण सहित स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि

घ) सिकाइका वैकल्पिक उपायहरु अवलम्बन मार्फत अबरुद्ध सिकाइ गतिविधिमा रहेका बाधा हटाई सिकाइ निरन्तरता

ङ) सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी आधुनिक प्रविधि मैत्री गतिविधि सञ्चालन

च) बेरोजगार युवा तथा कोभिड १९ को जोखिमका कारण पेशा तथा रोजगारी गुमाएका युवाहरुलाई लक्षित गर्दै कृषि तथा पशुपालन गर्ने साना किसान, सामूहिक तथा सहकारी फर्महरुलाई मल, बीऊ, उपकरण, औषधी आदिमा सहुलियतको व्यवस्थापन

छ) युवा जनशक्तिको पर्याप्त परिचालन मार्फत कृषि उत्पादनमा उल्लेख्य वृद्धि गर्दै सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा खाद्य आपूर्ति श्रृङ्खलाको समुचित प्रबन्ध

ज) उपलब्ध पूँजीको अधिकतम परिचालन तथा व्यवसायिक गतिविधि मार्फत रोजगारी सिर्जना

झ) कृषि उत्पादन देखि संकलन तथा वितरणसम्म कृषकहरुको सहभागिता सहितका कृषि सहकारी परिचालन

आदरणीय नगर प्रमुख ज्यू

अब म आगामी आर्थिक वर्षको विनियोजन विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । विनियोजनका क्षेत्र, उपक्षेत्र तथा कार्यक्रमको ढाँचा तयारीका सन्दर्भमा मध्यमकालीन खर्च संरचना दिग्दर्शनलाई आधार मानेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

सर्व प्रथम म सामाजिक विकास क्षेत्र र यसका उपक्षेत्रगत कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्दछु ।

सामाजिक विकास क्षेत्र अन्तर्गत अब म स्वास्थ्य उपक्षेत्रको बजेट प्रस्तुत गर्न चाहन्छु ।

१९. कोभिड १९ लगायत सबै खाले सर्ने रोगहरु तथा नसर्ने रोगहरुको रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था सुधार, जनशक्ति व्यवस्था, गुणस्तरीय स्वास्थ्य सेवा, औषधी तथा उपकरणको व्यवस्था गर्न स्वास्थ्य क्षेत्रमा सशर्त अनुदान बाहेक आन्तरिक स्रोत तर्फ यथेष्ट बजेट व्यवस्था गरेको छु ।

२०. कोरोनाको महामारीको सम्भावित जोखिमलाई मध्यनजर गर्दै आवश्यकता अनुसार क्वारेन्टिन व्यवस्थापन, स्वास्थ्य सामग्रीको प्रबन्ध, राहत वितरण आदि अत्यावश्यक कार्य मार्फत कोरोनाका विरुद्ध लड्नका लागि कोरोना प्रतिकार्य कोष स्थापना गर्न ५० लाख रुपैयाँ विनियोजन गरेको छु ।

२१. मसलन्द, बिजुली पानीको प्रबन्ध र आवश्यक उपकरण तथा सामग्रीको सुव्यवस्था मिलाई उपयुक्त वाताबरण सिर्जना गर्न स्वास्थ्य संस्थाहरु सञ्चालनका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छु ।

२२. दीर्घ रोग पहिचान तथा उपचार, जेष्ठ नागरिक घदैलो स्वास्थ्य सेवा जस्ता कार्यक्रम सञ्चालन मार्फत अपाङ्ग, अशक्त तथा वृद्धवृद्धाहरुलाई घरघरमा सेवा दिनका लागि बजेट व्यवस्था गरेको छु ।

२३. नियमित स्वास्थ्य संस्था नभएका वडाहरु तथा भौगोलिक रुपले स्वास्थ्य संस्थासम्म पुग्न असहज हुने क्षेत्रका लागि शहरी स्वास्थ्य केन्द्रलाई निरन्तरता दिएको छु। यसका लागि ४२ लाख २८ हजार रुपैयाँको व्यवस्था गरेको छु।

२४. कोरोनाको जोखिमका बावजुद अग्रपंक्तिमा खटिने चिकित्सक तथा स्वास्थ्यकर्मी तथा नियमित समय बाहेक अतिरिक्त समयमा सेवा दिने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको प्रोत्साहनका लागि बजेटको प्रबन्ध मिलाएको छु।

२५. स्वास्थ्य संस्थाहरुको आवधिक लेखाजोखा गरी सुधार गर्ने प्रयोजनका साथ छानिएका स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षणका लागि १ लाख रुपैयाँ छुट्याएको छु।

२६. लमजुङ जिल्लाकै पहिलो सरकारी अस्पताल सुन्दरबजार अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रबाट आधारभूत अस्पतालको रुपमा स्तरोन्नति भएको चन्द्रेश्वर अस्पताललाई एकमुष्ठ अनुदान उपलब्ध गराउने प्रबन्ध मिलाएको छु। यसका लागि २० लाख रुपैयाँ विनियोजन गरेको छु।

२७. सशर्त अनुदान तर्फ ७ करोड ८७ लाख र आन्तरिक स्रोत तर्फ १ करोड १० लाख गरी स्वास्थ्य क्षेत्रमा जम्मा ८ करोड ९७ लाख रुपैयाँ विनियोजन गरेको छु।

आदरणीय नगर प्रमुख ज्यू

अब म शिक्षा उपक्षेत्रको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२८. मानव संशाधन विकास तथा सामाजिक विकासको महत्वपूर्ण आधार शिक्षा क्षेत्रमा यथेष्ट बजेटको व्यवस्था गरेको छु।

२९. कोरोनाको प्रभावका कारणले विद्यालय तथा शैक्षिक संस्थाहरु सञ्चालन नभई संवेदनशील उमेरका बालबालिका तथा किशोरकिशोरीहरुको सिकाइ अवरुद्ध हुँदा पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिनका लागि यथेष्ट रकम विनियोजन गरेको छु।

जनक राज मिश्र
नगर प्रमुख

३०. नेपाल सरकारले तयार गरेको मापदण्ड बमोजिम शिक्षक दरबन्दी मिलान गर्दा थुप्रै योग्यतम युवा शिक्षकहरु नगरपालिकाबाट बाहिरिनुपर्ने हुँदा विद्यालय शिक्षक दरबन्दी मिलान चुनौतीपूर्ण देखिएको छ । यस प्रकारको चुनौतीलाई सहजताका साथ समाधान गर्न सेवा अवधि पुगेका जेष्ठ शिक्षकहरुलाई स्वेच्छिक अवकाश लिन प्रेरित गर्ने कार्यक्रम तय गरेको छु ।

३१. विद्यार्थी सिकाइ निरन्तरताका लागि विद्यालयहरुमा प्रविधि हस्तान्तरण तथा स्वेच्छिक अवकाशका लागि जेष्ठ शिक्षकहरुलाई अभिप्रेरित गर्ने कार्यक्रमका लागि २० लाख रुपैयाँ विनियोजन गरेको छु ।

३२. अत्यन्त न्यून पारिश्रमिकमा सेवा गरिरहेका बाल विकास केन्द्रका सहजकर्ताहरु, विद्यालय कर्मचारीहरु तथा सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकलाई संघ सरकारको साझेदारीमा न्यूनतम पारिश्रमिक उपलब्ध गराउने प्रयोजनका लागि ९५ लाख रुपैयाँको व्यवस्था गरेको छु ।

३३. शैक्षिक गुणस्तर वृद्धिका लागि शैक्षिक अनुसन्धान तथा विकास गर्न शिक्षा विकास कोषलाई निरन्तरता दिंदै लागि २ लाख रुपैयाँ विनियोजन गरेको छु ।

३४. विद्यालय कर्मचारीहरु, बालविकास केन्द्रका सहजकर्ताहरु लगायत कार्यथलोमा बसेर काम गर्ने पदाधिकारीहरुको क्षमता विकासका लागि २ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

३५. उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई मापदण्ड बनाई सम्मान गर्ने कार्यक्रमका लागि १ लाख रुपैयाँ विनियोजन गरेको छु ।

३६. सशर्त अनुदान तर्फ १९ करोड ३२ लाख र आन्तरिक स्रोत तर्फ १ करोड ४० लाख गरी शिक्षा क्षेत्रमा जम्मा २० करोड ७२ लाख रुपैयाँ विनियोजन गरेको छु ।

अब म युवा परिचालन, खेलकुद तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३७. युवा शक्तिलाई विकास, व्यवसाय, रोजगार तथा उत्पादनमा उपयोग गर्न युवाहरुको क्षमता सीप प्रयोग गर्ने उद्देश्यका साथ युवा परिचालन गर्ने योजना बनाएको छु ।

यसका लागि सशर्त तर्फ १ लाख र आन्तरिक स्रोत तर्फ १५ लाख गरी जम्मा १६ लाख रुपैयाँ विनियोजन गरेको छु।

यस अन्तर्गत वडा तथा नगर स्तरमा युवा क्लब तथा युवा सञ्जाल गठन गरी युवाहरुको क्षमता विकास तथा व्यवसाय प्रबर्द्धन गर्ने उल्लेख्य बजेटको व्यवस्था गरेको छु।

३८. राष्ट्रपति रनिङ शील्ड प्रतियोगिताका लागि सशर्त तर्फ १ लाख र आन्तरिक तर्फ ८ लाख ५० हजार गरी जम्मा ९ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु। मेयर कप फुटबल प्रतियोगिताका लागि ३ लाख रुपैयाँ छुट्याएको छु।

३९. युवा विद्यार्थीहरुमा छिपेर रहेको अन्तरनिहित प्रतिभा पहिचान कार्यक्रमका लागि ५० हजार रुपैयाँ विनियोजन गरेको छु।

युवा विद्यार्थीहरु कुलत तथा दुर्व्यसनमा नफँसून् भन्ने हेतूले सचेतना कार्यक्रम सञ्चालनका लागि ५० हजार रुपैयाँ विनियोजन गरेको छु।

४०. नगर स्तरीय नेपाल स्काउट गठन तथा परिचालनका लागि एकमुष्ठ ५ लाख रुपैयाँ विनियोजन गरेको छु। यसका लागि छुट्टै कार्यविधि बनाई कार्यक्रम सञ्चालन गरिनेछ।

आदरणीय नगर प्रमुख ज्यू

अब म लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

४१. बाल सञ्जाल गठन तथा परिचालन, बाल सञ्जाल बैठक सञ्चालन, बाल मैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण तथा बाल विवाह अन्त्यका लागि सचेतना कार्यक्रम सञ्चालनका लागि ३ लाख ४० हजार रुपैयाँ विनियोजन गरेको छु।

जनक राज मिश्रा
नगर प्रमुख

४२. स्थानीय जेष्ठ नागरिक समन्वय समितिको बैठक सञ्चालन, परम्परागत सीप हस्तान्तरण, जेष्ठ नागरिक सम्मान कार्यक्रम तथा जेष्ठ नागरिकहरुको "मैले भोगेको विगत" पुस्तक प्रकाशनका लागि ३ लाख ६० हजार रुपैयाँ छुट्याएको छु ।

४३. अपाङ्गता सम्बन्धी बैठक र अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्यहरुलाई सीप विकास तालिम तथा व्यवसाय स्थापना सहयोगका लागि ३ लाख रुपैयाँ व्यवस्था गरेको छु ।

४४. लैंगिक समानता तथा सशक्तीकरणका लागि कण्ठमाला बनाउने तालिम, क्रिष्टल भरेर मखमलका जुत्ता बनाउने तालिम र लैंगिक हिंसा निवारणमा पुरुष सहभागिताका लागि ५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

४५. लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रमा सशर्त तर्फ ११ लाख र आन्तरिक तर्फ १५ लाख गरी जम्मा २६ लाख रुपैयाँ विनियोजन गरेको छु ।

अब म सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम सम्बन्धी विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

४६. संघीय सरकारको अनुदानमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिंदै यसका लागि १३ करोड ४३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

४७. प्रधानमन्त्री रोजगार कार्यक्रममा सशर्त तर्फ १ करोड १८ लाख ९० हजार र आन्तरिक तर्फ ३० लाख गरी जम्मा १ करोड ४८ लाख ९० हजार विनियोजन गरेको छु ।

४८. सामाजिक सुरक्षा क्षेत्रमा १४ करोड ९१ लाख ९० हजार विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म आर्थिक विकास क्षेत्रका विभिन्न उपक्षेत्र तथा कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

अब म कृषि तथा पशुपंक्षी उपक्षेत्र अन्तर्गत कृषि तथा सहकारी तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४९. सुन्दरबजार नगरपालिकाको आर्थिक मेरुदण्डका रुपमा रहेको कृषि क्षेत्रलाई विकास गर्न किसानलाई उत्पादनदेखि वितरणसम्म सहयोग र सहुलियत पुऱ्याउन कृषि सहकारी परिचालन गर्न बजेट व्यवस्था गरेको छु । सहकारी व्यवस्थापनका लागि २ लाख ५० हजार रुपैयाँ छुट्याएको छु ।

५०. सहकारीहरुको नियमन तथा क्षमता विकास गरी कोपोमिसमा आबद्ध गर्न सहकारीकर्मी प्रशिक्षण गर्ने कार्यक्रम मिलाएको छु । यसका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

५१. जग्गा चक्लाबन्दी गरी सामूहिक खेती वा पशुपालन गर्न चाहने घर परिवारलाई मापदण्ड बनाई चक्लाबन्दी गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको केही अंश सहयोग गर्ने कार्यकमलाई निरन्तरता दिएको छु । साथै यस प्रकारका कृषि वा पशुपालन फर्महरुलाई सहयोग र सहुलियत दिन बजेटको व्यवस्था मिलाएको छु ।

५२. विपन्न नागरिक तथा सामूहिक फर्म वा सहकारीका लागि विभिन्न तरकारी तथा खेतीबालीको मिनि किट वितरण गर्न २ लाख रकम छुट्याएको छु ।

५३. बेमौसमी तरकारी खेती सम्बन्धी तालिम, फलफूल खेती सम्बन्धी तालिम मौरी पालन सम्बन्धी तालिमका लागि ३ लाख ८० हजार रुपैयाँ विनियोजन गरेको छु ।

५४. मौरी घार वितरण, च्याउको बीऊ वितरणका लागि ७ लाख रुपैयाँ विनियोजन गरेको छु । यसका लागि किसानका तर्फबाट ५० प्रतिशत साझेदारी हुनुपर्ने व्यवस्था मिलाएको छु ।

५५. उत्पादित कृषि उपजको संरक्षण गरी किसानको जोखिम न्यूनीकरण गर्न संघ सरकारसँगको सहकार्यमा कोल्ड चेम्बर स्थापना गर्ने प्रबन्ध मिलाएको छु । यसका लागि सशर्त तथा आन्तरिक स्रोत समेत गरी १६ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

नक राज मिश्र
र प्रमुख

५६. बाँझो तथा खेतीयोग्य पर्ती जमीन पहिचान गरी विगतबाट समेत शिक्षा लिई भूमि बैंक स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

५७. कृषि तथा सहकारी क्षेत्रमा सशर्त तर्फ १ करोड ८० लाख ५० हजार र आन्तरिक स्रोत तर्फ ३२ लाख ५० हजार गरी जम्मा २ करोड १३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म पशु सेवा तर्फको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५८. पशुपालक किसानलाई गोठमै पुगेर स्वास्थ्य परीक्षण, उपचार र उपयुक्त परामर्श उपलब्ध गराउन प्रविधिक सेवा दिने व्यवस्था मिलाएको छु । यसका लागि आवश्यक प्राविधिक तथा सेवा पुऱ्याउन विभिन्न शीर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु ।

५९. किसानलाई सम्भावित जोखिमबाट सुरक्षित गर्न प्रदेश सरकारसँगको सहकार्यमा पशु पञ्छी वीमामा सहुलियत कार्यक्रमलाई निरन्तरता दिएको छु ।

६०. पशुपंक्षीको मेडिकल उपचार, माइनर सर्जिकल उपचार, गाइनाकोलोजिकल उपचार, आन्तरिक तथा बाह्य परजीवि नियन्त्रण जस्ता पशु उपचार सेवा कार्यक्रमका लागि ८ लाख रुपैयाँ विनियोजन गरेको छु ।

६१. पशुपञ्छीमा लाग्ने रोग विरुद्ध दिइने विभिन्न खोप कार्यक्रमका लागि ५० हजार रुपैयाँ विनियोजन गरेको छु । साथै डिस्पेन्सरी सेवा सञ्चालनका लागि २० हजार रुपैयाँ छुट्याएको छु ।

६२. पशुवस्तुको नश्ल सुधार मार्फत उत्पादन वृद्धि गर्ने उद्देश्यका साथ कृत्रिम गर्भाधा कार्यक्रम तर्फ ५० हजार रुपैयाँ विनियोजन गरेको छु । पशु आहार कार्यक्रम त ६० हजार रुपैयाँ विनियोजन गरेको छु ।

६३. पशु बासस्थानको व्यवस्थापन गर्न ५० प्रतिशत अनुदानमा बाख्राको खोर तथा कुखुराको खोर निर्माण कार्यक्रमका लागि २ लाख ७० हजार रुपैयाँ विनियोजन गरेको छु ।

६४. विपन्न तथा व्यवसायिक किसानलाई लक्षित गरी माछा भुरा तथा बंगुरका पाठा वितरण कार्यक्रम तर्फ १ लाख ८४ हजार रुपैयाँ व्यवस्था गरेको छु ।

६५. सशर्त अनुदान तर्फ ७९ लाख ५० हजार र आन्तरिक स्रोत तर्फ २५ लाख गरी पशु सेवा क्षेत्रमा जम्मा १ कोरोड ४ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

अब म उद्यम तथा व्यवसाय क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६६. उपभोक्ता हित तथा व्यवसाय संरक्षण बजार व्यवस्थापनका आयामहरु हुन् । यसका लागि नियमित बजार अनुगमन गर्नु आवश्यक हुन्छ । यसका लागि आवश्यक रकमको प्रबन्ध गरेको छु ।

६७. कोभिड १९ को जोखिमले गर्दा पेशा तथा रोजगारी गुमाएका युवा लगायत अन्य नागरिकहरु स्वदेश तथा विदेशबाट नगरपालिकामा फर्किने सिलसिला जारी छ । यसरी घरगाउँमा फर्केका युवाहरुको सीप, क्षमता तथा साधन स्रोत परिचालन गरी रोजगार तथा स्वरोजगार सिर्जना गर्न उद्यम तथा व्यवसाय क्षेत्रको विकास गर्न उल्लेख्य बजेटको व्यवस्था गरेको छु ।

६८. बेरोजगार तथा न्यून आय भएका अर्ध बेरोजगारलाई उपयुक्त पेशा व्यवसाय सञ्चालन गर्न प्रेरित गर्दै निजहरुको व्यवसायमा सहयोग उपलब्ध गराउन नगर प्रमुख युवा उद्यम विकास तथा रोजगार कोषको व्यवस्था गरेको छु । यस कोषका लागि ३० लाख रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म पूर्वाधार विकास क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्र तथा कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

जनक राज मिश्र
नगर प्रमुख

६९. हलो क्रान्तिका नायक पंडित तोयानाथ अधिकारीको सम्झनामा मध्यपहाडी लोकमार्गको सत्रसयबाट दुराडाँडा प्रवेश बिन्दुमा "पंडित तोयानाथ स्मृति शिक्षा द्वार" निर्माण गर्नका लागि १० लाख रुपैयाँ विनियोजन गरेको छु।

७०. नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भएको छ। उक्त भवनको कम्पाउण्ड वाल निर्माणका लागि ५० लाख रुपैयाँ विनियोजन गरेको छु।

७१. वडा नं ७ को निर्माणाधीन वडा कार्यालय भवन निर्माण सम्पन्न गर्ने गरी उक्त योजनाका लागि ७० लाख रुपैयाँ विनियोजन गरेको छु।

७२. वडा नं ९ को वडा कार्यालय सञ्चालनका गर्न सार्वजनिक ट्रस भवन निर्माणका लागि २० लाख तथा वडा नं ११ को वडा कार्यालय भवनमा लागत साझेदारीका लागि ३० लाख गरि जम्मा ५० लाख रुपैयाँ विनियोजन गरेको छु।

७३. प्रदेश सरकारको तर्फबाट प्राप्त हुने समपूरक अनुदान, सडक बोर्डबाट प्राप्त हुने अनुदान, भुकम्प प्रभावित भवन निर्माणमा लागत साझेदारी लगायतका विभिन्न योजनामा थप रकम व्यवस्था गर्नका लागि १ करोड रुपैयाँ विनियोजन गरेको छु।

७४. सुन्दरबजार नगरपालिकामा हाल सञ्चालित विभिन्न खानेपानी आयोजनाहरु एकीकृत गर्दै अन्य स्रोतहरु पहिचान तथा थप गरी संघ सरकारको ९ करोड र स्थानीय उपभोक्ताको सहलगानीबाट सञ्चालन हुने सुन्दरबजार वृहत खानेपानी योजनाका लागि स्थानीय उपभोक्ताहरुबाट लगानी हुनुपर्ने आयोजनाको कुल लगानीको ५ प्रतिशत रकममा नगरपालिकाको तर्फबाट योगदान गर्न ६० लाख रुपैयाँ विनियोजन गरेको छु।

७५. वडा नं २ स्थित हाँडेटार सिंचाई योजना सुसञ्चालनका लागि ४ लाख रुपैयाँ विनियोजन गरेको छु।

७६. नगरपालिका र स्थानीय उपभोक्ताहरुको लागत सहभागितामा बजार क्षेत्रका भित्री सडकहरु पीच गर्ने कार्यका लागि २० लाख रुपैयाँ विनियोजन गरेको छु।

जनक राज गिरी
नगर प्रमुख

७७. तत्कालीन व्यवस्थापनका लागि अन्य पूर्वाधार शीर्षकमा २४ लाख १ हजार रुपैयाँ विनियोजन गरेको छु ।

७८. पूर्वाधार तर्फ आन्तरिक स्रोतबाट ५ करोड ६५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

७९. स्थानीय माग तथा आवश्यकताका आधारमा वडा स्तरीय कार्यक्रमहरु सञ्चालन गर्न सहज होस् भन्ने हेतूले प्राथमिकताका आधारमा छनौट भएका योजनाका लागी प्रति वडा ५० लाखमा नबढ्ने गरी ११ वटै वडाका योजनाका लागि ५ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म वन तथा वाताबरण क्षेत्र अन्तर्गतका उपक्षेत्र तथा कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८०. पाउँदी खोलामा जम्मा हुने ढुङ्गा गिट्टी तथा बालुवाको सदुपयोगका लागि पाउँदी खोलाको वाताबरणीय प्रभाव मूल्याङ्कन गर्न ५ लाख रुपैयाँ विनियोजन गरेको छु।

८१. संघ सरकारको सहयोगमा नवीकरणीय तथा वैकल्पिक उर्जा विकासको कार्यक्रमलाई निरन्तरता दिएको छु ।

८२. तत्काल उद्धार तथा राहत कार्यलाई व्यवस्थित गर्न स्थापित विपद व्यवस्थापन कोषका लागि २० लाख रुपैयाँ विनियोजन गरेको छु ।

८३. विपन्न नागरिकलाई रोग तथा विपदबाट सुरक्षा दिनका लागि आर्थिक सहायता तथा राहतमा ५० लाख रुपैयाँ छुट्याइएको छ ।

८४. सशर्त तर्फ ८ लाख र आन्तरिक स्रोत तर्फ ८० लाख गरी वाताबरण संरक्षण तथा विपद व्यवस्थापनमा जम्मा ८८ लाख रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म संस्थागत विकास क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

जनक राज भिङ्
नगर प्रमुख

सूचना तथा सञ्चार प्रविधि

८५. नगरपालिकालाई स्मार्ट नगरपालिकाको रुपमा विकास गरी शिक्षा, स्वास्थ्य, सहकारी, कृषि, पशुपालन, उद्यम व्यवसाय, उत्पादन, वितरण, बेचबिखन लगायत जीवनका सबै पक्षलाई सूचना प्रविधि मैत्री बनाउन नगरपालिकालाई फ्रि वाईफाई जोन बनाउन २० लाख रुपैयाँ विनियोजन गरेको छु ।

८६. नगरपालिकाको कार्य सम्पादनलाई थप प्रभावकारी बनाउन क्षमता विकास तालिमका साथै प्रशासनिक कार्य सञ्चालन लागि ५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

८७. नगरपालिकाको कार्य सम्पादनलाई थप प्रविधि मैत्री बनाउन साथै वैकल्पिक इण्टरनेट जडान गर्न ५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

८८. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी कार्यक्रममा आन्तरिक स्रोतबाट ३५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

८९. समुदायमा पर्ने स-साना झैझगडा वादविवाद तथा असमझदारीहरुलाई मेलमिलाप गराई न्याय निरुपण गर्ने न्यायिक समिति व्यवस्थापनका लागि ३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

९०. सार्वजनिक सुनुवाई, परामर्श, योजना निर्माण तथा कार्यान्वयनमा यथेष्ठ बजेट व्यवस्था गरेको छु ।

९१. योजना निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन नगरपालिकाको पार्श्वचित्र बनाउने कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु । यसका लागि चालु आर्थिक वर्षको समेत दायित्व थप हुने गरी ३० लाख रुपैयाँ विनियोजन गरेको छु । आवधिक योजना निर्माण कार्यलाई पूर्णता दिनका लागि १५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

जनक राज मिश्र
नगर प्रमुख

९२. योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन उपभोक्ता समितिलाई अभिमुखीकरण गर्ने तथा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु । यसका लागि ७ लाख रुपैयाँ विनियोजन गरेको छु ।

९३. सेवा प्रवाहलाई व्यवस्थित गराउन पर्याप्त जनशक्ति व्यवस्था गरेको छु । यसका लागि थप ८५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

९४. सुशासन, सेवा प्रवाह र संस्थागत क्षमता तर्फ आन्तरिक स्रोतबाट १ करोड ७० लाख रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

९५. कर प्रशासनलाई व्यवस्थित गर्दै करदाताहरुमा आवश्यक सूचना प्रवाह एव कर्मचारीको क्षमता वृद्धि गर्न २ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

९६. समग्रमा आगामी आर्थिक वर्षका लागि सशर्त अनुदान तर्फ ३२ करोड ८३ लाख, विविध कार्यक्रम तर्फ १३ करोड ४३ लाख, समपूरक अनुदान तर्फ ५० लाख, विशेष अनुदान तर्फ ९१ लाख, आन्तरिक स्रोत तर्फ २६ करोड ४९ लाख ४१ हजार गरी जम्मा ७४ करोड १६ लाख ४१ हजार खर्च अनुमान गरिएको छ ।

आदरणीय नगर प्रमुख ज्यू

अब म अनुमानित खर्चको स्रोत सम्बन्धी विवरण पेश गर्ने अनुमति चाहन्छु ।

९७. आन्तरिक राजस्व संकलनबाट १ करोड १० लाख, संघीय राजस्व बाँडफाँडबाट ७ करोड १७ लाख ९५ हजार, प्रदेश राजस्व बाँडफाँडबाट ९७ लाख ३३ हजार, चालु आ.व.मा खर्च भई अनुमानित बचत ३ करोड ५० लाख, मालपोत रजिष्ट्रेशन तथा विद्युत रोयाल्टीबाट १ करोड ३ ५ लाख, संघीय वित्तीय समानीकरण अनुदानबाट ११ करोड ९ लाख, संघीय सशर्त अनुदानबाट प्राप्त हुने ३२ करोड ३३ लाख, प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुने १ करोड ३० लाख

जनक राज मिश्र
नगर प्रमुख

१३ हजार, प्रदेश समपूरक अनुदान ५० लाख, संघीय विशेष अनुदान ९१ लाख बजेटले अनुमानित खर्च व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छ ।

९८. आगामी आर्थिक वर्षका लागि राजस्व संकलन तथा करका दर निर्धारण सम्बन्धी यसै सभामा प्रस्तुत छुट्टै आर्थिक विधेयक यही सभाले पारित गरिसकेको अवस्था छ ।

९९. विभिन्न कारणले परिस्थिति असहज छ । कार्यान्वयनमा समस्याहरु छन् । सबै खाले असहजताबाट पार पाउन कार्यविधि बनाई आर्थिक वर्षको पहिलो महिनाबाटै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ ।

अन्त्यमा

१००. यो बजेट तथा कार्यक्रम बनाउन सहयोग गर्नुहुने आवश्यक सरसल्लाह तथा सुझाव दिनुहुने सबै प्रति हार्दिक धन्यवाद टक्र्याउँदछु ।

१०१. बजेट तथा कार्यक्रम प्रति सकारात्मक सुझावको अपेक्षा गर्दै बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोगको अपेक्षा गरेको छु

धन्यवाद ।

२०८०/०२/२५

जनक राज गि...
नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल